# व्यवसायिक पंक्षी फार्म तथा ह्याचरी संचालन निर्देशिका, २०७१

(मा. कृषि विकास मन्त्रीज्यूबाट मिति २०७१।१।२६मा स्वीकृत)

## प्रस्तावना

व्यवसायिक पंक्षी फार्म तथा ह्याचरीबाट स्वस्थ र गुणस्तरीय पंक्षी तथा पंक्षीजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वढाई स्वस्थ उत्पादनको उपलब्धता सुनिश्चित गरी खाद्य सुरक्षण तथा पोषण सुरक्षा गर्न, फार्म र ह्याचरीलाई संक्रामक रोगबाट मुक्त राख्दै व्यवसायको प्रवर्द्धन तथा जनस्वास्थ्य र बातावरण स्वास्थ्यको संरक्षण गर्न पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तथा सो को नियमावली, २०५६, को मर्म तथा भावना अनुरुप नियमावलीको नियम २२ क बमोजिम कृषि विकास मन्त्रालयले यो निर्देशिका तर्जुमा गरी लागु गर्न बान्छनिय भएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नाम “व्यवसायिक पंक्षी फार्म तथा ह्याचरी संचालन निर्देशिका, २०७१” रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२ **परिभाषा** :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) “व्यवसायिक पंक्षी फार्म ” भन्नाले व्यवसायिक रुपमा स्थापना भएका वा गरिने “ग्राण्ड प्यारेन्ट”फार्म, ह्याचरी

तथा ब्रिडिङ्ग फार्म, लेयर्स फार्म, ब्रोइलर फार्म तथा व्यवसायिक रुपमा संचालन गरिने अन्य पंक्षी फार्म सम्झनु पर्छ ।

(ख) पंक्षी भन्नाले कुखुरा, हांस, वट्टाई, लौकाट, टर्कि, अष्ट्रिच लगायतका अन्य घरपालुवा चरा समेत सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ सम्झनु पर्छ ।

(च) "ह्याचरी" भन्नाले भ्रुण सहितको अण्डालाई निश्चित तापक्रम तथा सापेक्षित आद्रता व्यवस्था भएका चल्ला कोरल्ने यन्त्र (मेशिन)मा राखी चल्ला कोरल्ने स्थान सम्झनु पर्छ ।

(छ) "ब्रिडिङ्ग फार्म" भन्नाले व्यवसायिक रुपमा चल्ला उत्पादन गर्न पालिएका प्यारेण्ट पंक्षी रहेको फार्म सम्झनु पर्छ ।

(ज) "लेयर्स फार्म" भन्नाले मानव आहाराको प्रयोजनको लागि व्यवसायिक रुपमा अण्डा उत्पादन गर्ने पंक्षी पालन गरिएको फार्मसम्झनु पर्छ ।

(झ) "ब्रोईलर फार्म" भन्नाले व्यवसायिक रुपमा मासु उत्पादन गर्ने प्रयोजनको लागि पालन गरिएको पंक्षीको फार्म सम्झनु पर्छ ।

(ञ) "ग्राण्ड प्यारेन्टफार्म" भन्नाले व्यवसायिक रुपमा प्यारेन्ट चल्ला उत्पादन गर्ने प्रयोजनको लागी स्थापना गरिएको पंक्षीको फार्म सम्झनु पर्छ ।

(ट) "ग्राण्ड प्यारेन्ट" भन्नाले प्यारेन्ट चल्ला उत्पादन गर्ने पंक्षी सम्झनु पर्छ ।

(ठ) "ब्यबसायिक फार्म" भन्नाले ब्यबसायिक प्रयोजनको लागि स्थापना भई कम्तिमा २०० पंक्षी पालन गर्ने फार्मलाई सम्झनु पर्दछ ।

(ड) "संस्था " भन्नाले पंक्षी तथा पंक्षीजन्य व्यवसाय संचालन गर्ने उद्धेश्य लिएर निश्चित नियम, विधि अनुसार गठन भई आधिकारिक निकायमा दर्ता भएका संघ संस्था सम्झनु पर्छ ।

(ढ) "निरीक्षक" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २५ बमोजिम नियुक्त गरिएको वा तोकिएको अधिकृत सम्झनु पर्छ ।

(ण) "अनुगमनकर्ता" भन्नाले विभाग वा जिल्ला पशु सेवा कार्यालयले तोकेको प्राविधिक कर्मचारी सम्झनु पर्छ ।

## परिच्छेद - २

## सिफारिश तथा अनुमति सम्बन्धि व्यवस्था

### ३. सिफारिश लिनु पर्नेः

(१) व्यवसायिक पंक्षी पालन गर्न चाहने व्यक्ति, फार्म वा संस्थाले प्रचलित ऐनले तोकेको निकायमा फार्म वा संस्था दर्ता गर्नु पर्नेछ ।

(२) क)व्यवसायिक पोल्ट्री ब्रिडिङ्ग फार्म, ग्राण्ड प्यारेन्ट फार्म, ह्याचरी उद्योग तथा २० हजार भन्दा बढी पंक्षी पाल्ने फार्म स्थापना गर्न चाहने व्यक्ति, फार्म वा संस्थाले विभागबाट सिफारिस पत्र लिनुपर्नेछ ।

ख) २० हजार भन्दा कम पंक्षी पाल्न फार्म स्थापना गर्न चाहने व्यक्ति, फार्म वा संस्थाले जिल्ला पशु सेवा कार्यालयबाट सिफारिश पत्र लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिश पत्र लिनको लागि विभागमा अनुसूची १ (क) बमोजिम र जि.प.से.का.बाट सिफारिस पत्र लिनको लागि अनुसुची १ (ख) बमोजिम निवेदन दिनु पर्नेछ । उपदफा २

बमोजिम निवेदन दिदा पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६को नियम १२ (१) अनुसार गर्नु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ समेतको कारवाही गरी मनासिव देखिएमा अनुसूची २ बमोजिमको सिफारीश पत्र प्रदान गर्नु पर्नेछ ।

(५) प्रचलित ऐन अनुसार दर्ता भएका व्यक्ति, फार्म वा संस्थाले दर्ता प्रमाणपत्र प्राप्त भए पश्चात अनिवार्य रुपमा सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा दर्ता अभिलेखिकरण गर्नअनुसूची-३ बमोजिम निवेदन दिई अनुसूची-४ बमोजिम दर्ता अभिलेखिकरणप्रमाणपत्र लिनु पर्नेछ र सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले दर्ता अभिलेखिकरणको चौमासिक विवरण अनिवार्य रुपमा विभागमा उपलब्ध गराउनु पर्नेछ ।

(६) यो निर्देशिका लागु हुनु पूर्व स्थापना भएका व्यवसायिक ब्रिडिङ्ग फार्म, ग्राण्ड प्यारेन्ट फार्म, ह्याचरी उद्योग, २० हजार भन्दा बढी वा सो भन्दा कम न्यूनतम २०० संख्यामा पंक्षी पाल्ने फार्म समेतले निर्देशिकामा रहेका फार्म स्थानान्तरण वाहेकका प्रावधानहरु ६ महिना भित्र अनिवार्य रुपमा पुरा गर्नु पर्नेछ । साथै यो निर्देशिका लागुहुनु पूर्व स्थापित फार्महरूले निर्देशिका बमोजिम फार्म स्थानान्तरण १० वर्ष भित्रै सम्पन्न गर्नु पर्नेछ ।

(७) व्यवसायिक ब्रिडिङ्ग फार्म, ग्राण्ड प्यारेन्ट फार्म दर्ता भै स्थापित भैसके पश्चात वा यो निर्देशिका  लागु हुनु पूर्व संचालित फार्मले प्यारेण्ट वा ग्राण्ड प्यारेण्ट चल्ला आयात, निर्यात वा स्वदेशी उत्पादकबाट खरीद वा विक्री गर्नको लागी सम्बन्धित जिल्ला पशु सेवा कार्यालयबाट अनुसूचि ५ बमोजिम फार्म निरिक्षण प्रतिवेदन सहितको सिफारिश पत्र संलग्न राखी विभागमा  अनुसूचि ६ बमोजिम निवेदन दिनु पर्नेछ ।

(८) विभागले उपदफा (७) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी मनासिव देखेमा अनुसूची ७ बमोजिम सिफारिश प्रदान गर्नेछ ।

## ४.अनुमति लिनु पर्ने::

(१) व्यवसायिक रुपमा चल्ला, अण्डा, ह्याचिंग अण्डा, पंक्षी आदिवितरण गर्न चाहने उद्योग, फार्म वा व्यक्तिले अनिवार्य रुपमा अनुमति लिनु पर्नेछ ।

(क) उपदफा (१) बमोजिम अनुमति लिंदा व्यवसायिक ब्रिडिङ्ग फार्म, ग्राण्ड प्यारेन्ट फार्म, ह्याचरी उद्योग वा २० हजार भन्दा बढी पंक्षी पाल्ने फार्मले अनुसुची ८ बमोजिमको निवेदन विभागमा दिनु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम अनुमति लिंदा २० हजार भन्दा कम पंक्षी पाल्ने फार्मले अनुसुची ९ बमोजिमको निवेदन जिल्ला पशु सेवा कार्यालयमा दिनु पर्नेछ ।

(ग) व्यवसायिक ब्रिडिङ्ग फार्म, ग्राण्ड प्यारेन्ट फार्म, ह्याचरी उद्योगबाट उत्पादित चल्ला, ह्याचिंग अण्डा र पंक्षी फार्मका उत्पादनहरु सोझै खरिद गरी पुनः विक्रि वितरण गर्न चाहने उद्योग/फार्म/व्यक्तिले समेत खण्ड (क) र (ख) बमोजिम निवेदन दिनु पर्नेछ । उपदफा १ बमोजिम निवेदन दिदा पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६को नियम १६ (१) अनुसार गर्नुपर्नेछ ।

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम परेको निवेदन सम्वन्धमा आवश्यक जाँचबुझ समेतको कारवाही गरी मनासिव देखिएमा विभागले अनुसूची १० बमोजिम तथा जिल्ला पशु सेवा कार्यालयले अनुसुची ११बमोजिम अनुमतिपत्र प्रदान गर्नेछ ।

# परिच्छेद - ३
# निरीक्षण

## ५. फार्म, संस्था वा उद्योग निरीक्षण:

(१) सिफारिश पत्र वा अनुमती-पत्र प्रदान गर्नु अघि फार्म, संस्था वा उद्योगको ऐनको दफा २५ बमोजिमको निरीक्षकले निरीक्षण गरेको प्रतिवेदन संलग्न हुनुपर्नेछ । यसरी खटिने निरीक्षकले निरीक्षण गर्दा अनुसूचि ५, अनुसूचि १२ तथा अनुसुची १३ बमोजिम गर्नुपर्ने छ ।

(२) फार्म, संस्था वा उद्योगमा उपलब्ध साधन श्रोतको सम्बन्धमा विस्तृत अध्ययन गरि संस्थाको प्रकृति र उद्देश्य अनुसार भए नभएको अनुगमन गर्न विभाग र जिल्ला पशु सेवा कार्यालयले अनुगमन टोली खटाउनु सक्ने छ । सो टोलीमा विभाग अन्तरगतका प्राविधिक र आवश्यकता अनुसार पोल्ट्री महासंघ तथा उपभोक्ता हितमा संलग्न संघसंस्थाका प्रतिनीधि समेतको सहभागिता रहने छ । अनुसूचि ५, अनुसूचि १२ तथा अनुसुची १३ बमोजिमको अनुगमन कार्य बढिमा एक महिना भित्र सम्पन्न गरीसक्नु पर्नेछ ।

(३) निर्देशिका वमोजिम संचालनमा रहेका व्यवसायिक ब्रिडिङ्ग फार्म, ग्राण्ड प्यारेन्ट फार्म, ह्याचरी उद्योग तथा २० हजार भन्दा बढी पंक्षी पाल्ने फार्मको कम्तिमा वर्षको एक पटक अनुगमन निरीक्षण गर्नु पर्नेछ ।

(४) फार्म, संस्था वा उद्योगले पेश गरेको प्रमाणहरुमा फरक पर्न गएमा वा कुनै व्यक्तिले व्यहोरा खोली उजुरी गरेमा सो सम्बन्धमा विभागले आवश्यक छानविन तथा निरीक्षण गर्नु गराउनु पर्नेछ ।

(५) निरीक्षण वा अनुगमनको शिलशिलामा खटिई आएका निरीक्षक वा अनुगमन टोलीलाई निरीक्षण वा अनुगमन कार्यमा सम्बन्धित फार्म, संस्था वा उद्योगले सहयोग गर्नु पर्नेछ । अनुगमन निरीक्षणको

कार्यमा वाधा व्यवधान खडा गरेमा प्रचलित ऐन नियम बमोजिम कारवाही हुनेछ ।.

(६) फार्म, संस्था वा उद्योगले निर्धारण गरेको फार्म व्यवस्थापन कार्ययोजना तथा फार्म व्यवस्थापनका सम्पूर्ण अभिलेख अनिवार्य रुपमा राख्नु पर्नेछ । निरीक्षणको क्रममा उक्त कार्ययोजना पालना भए नभएको तथा अभिलेख बारे समेत स्थलगत रुपमा निक्यौंल गरिनेछ ।

(७) अनुगमन निरीक्षण प्रतिवेदनको एक प्रति सम्वन्धित फार्म, संस्था वा उद्योगलाई दिनु पर्नेछ र सरोकार वालाले सो प्रतिवेदनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन अनिवार्य रुपमा गर्नु पर्नेछ । दिइएको समय सिमा भित्र सो को पालना नभएमा नियमानुसार कारवाही हुनेछ ।

(८) फार्म, संस्था वा उद्योगमा कुनै संक्रामक रोग देखा परी धेरै संख्यामा पंक्षी विरामी भएमा वा मरेमा तत्काल नजिकको पशु सेवाको निकायमा अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।

## ६. विविधः

(१) पंक्षी पालन व्यवसाय घना मानव वस्ती (१५ घरधुरी नजिकमा रहेको) भित्रको क्षेत्रमा गर्न पाइने छैन । पंक्षी रहेको खोरमा मानिस वस्न पाइने छैन ।

(२) पंक्षीपालन व्यवसाय संचालन गर्दा अनुसूची १३ अनुसार न्यूनतम जैविक सुरक्षा लगायतका प्रावधानहरु अनिवार्य रुपमा पालना गरिएको हुनु पर्नेछ ।

(३) कुनै फार्म, संस्था वा उद्योगको कारणबाट मानव स्वास्थ्य, पशु स्वास्थ्य र वातावरणमा नकारात्मक असर परेको वा अन्य फार्म,

संस्था वा उद्योगलाई हानी नोक्सानी पुर्याएको जानकारी प्राप्त भएमा सो सम्वन्धमा सम्बन्धित जिल्ला पशु सेवा कार्यालयलाई जानकारी दिनु सम्वन्धित सवैको कर्तव्य हुनेछ । यस्तो सूचना प्राप्त भएपछि जिल्ला पशु सेवा कार्यालयले सो सम्वन्धमा विस्तृत अध्ययन गरी आवश्यकता अनुसार समस्याको किनारा लगाउनु पर्नेछ । जिल्लाको क्षेत्राधिकार भित्र नपर्ने उजुरीको सम्वन्धमा आवश्यक विवरण सहित सम्वन्धित क्षेत्रीय पशु सेवा निर्देशनालय वा पशु सेवा विभागमा समस्या समाधानको लागि पठाउनु पर्नेछ र सो उपर क्षेत्रीय पशु सेवा निर्देशनालय वा विभागले आवश्यक जाँचबुझ तथा कारवाही गर्नु गराउनु पर्नेछ । निर्देशिका बमोजिम दर्ता भएका फार्मले आफ्नो फार्म नजिक अनाधिकृत रूपमा दर्ता नभई पंक्षी पालन गरी व्यवसायमा संकट उत्पन्न भएको उजुरी गरेमा सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले आवश्यक जाँचबुझ तथा कारवाही गर्नु गराउनु पर्नेछ । निर्देशिका विपरित कार्य भए गरेमा ऐन नियम बमोजिम कारवाही हुनेछ ।

(४) जाँचबुझ गर्दा सम्बन्धित फार्म, संस्था वा उद्योगसंग आवश्यकता अनुसार विभागले स्पष्टिकरण माग गर्न सक्नेछ ।

(५) उपदफा (४) वमोजिम छानविन गर्दा कुनै फार्म, संस्था वा उद्योग दोषि पाइएमा ऐन नियम बमोजिम कारवाही गर्न वा कारवाहीको लागि सिफारिश गर्न सक्नेछ ।

(६) नेपाल सरकारको निर्णय अनुसार महामारी नियन्त्रण गर्दा, जिल्ला पशु सेवा कार्यालयमा दर्ता अभिलेखिकरण नभएका व्यवसायिक पंक्षीको हकमा कुनै प्रकारको क्षतिपूर्ति उपलब्ध गराइने छैन ।

# अनुसूची–१ (क)

**( निर्देशिकाको दफा ३ को उपदफा (१) संग सम्बन्धित)**

**सिफारिशपत्रको लागि दिने निवेदनको ढाँचा ।**

**मितिः ......................**

**श्रीमान महानिर्देशकज्यू,**
**पशु सेवा विभाग ।**

**विषयः सिफारिशपत्र पाउँ ।**

मैले । हामीले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७ अनुसार तल उल्लेख भए बमोजिमको फार्म/संस्था/उद्योग स्थापना/नविकरणगर्न लागेको हुदा नियमनुसारका कागजात संलग्न राखी सिफारिशपत्र पाउन अनुरोध गर्दछु/गर्दछौ ।

स्थापना गर्न लागेको फार्म/संस्था/उद्योग

१. व्यवसायिक कुखुरा ब्रिडिङ्ग फार्म/ग्राण्ड प्यारेन्ट फार्म/ह्याचरी उद्योग/२० हजार भन्दा बढी पंक्षी पाल्ने फार्म ।

**निवेदकको :**

**नामः**

**सहिक्षापः**

**ठेगानाः**

**सिफारिशपत्रको लागी निवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु निम्नानुसार हुनेछ ।**

(क) फार्म वा उद्योग/संस्था/कम्पनीको नाम र ठेगाना सहितको प्रस्ताब तथा उत्पादन प्रकृया ।

(ख) फार्म वा उद्योग/संस्था/कम्पनी भित्रका उत्तरदायी व्यक्तिहरुको नाम तथा नागरिकता प्रमाणपत्र

(ग) संस्था रहेको स्थान र संस्थाको नक्सा (भवन तथा खोरको बनावट)

(घ) फार्म वा उद्योग/संस्था/कम्पनीको प्रविधिक सहितको जनशक्ती बिवरण साथै उनिहरुको अनुभव तथा तालिम स्तर ।

(ङ) अनुसुची १३ बमोजिम दुरी प्रमाणीत हुने कागजात

(च) फार्म /उद्योग/संस्था/कम्पनी स्थापना तथा संचालन गर्दा मानव स्वास्थ्य, पशु स्वास्थ्य र वातावरणमा नकारात्मक असर पर्न नदिवातावरण ऐन नियमले तोके बमोजिम वातावरणिय मुल्याङ्कन गरको प्रमाण-पत्र ।

(छ) सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको सिफरिश पत्र

# अनुसूची–१ (ख)

(निर्देशिकाको दफा ३ को उपदफा (२) संग सम्बन्धित)

सिफारिशपत्रको लागि दिने निवेदनको ढाँचा ।

मितिः .......................

**श्रीमान प्रमुखज्यू,**
**जिल्ला पशु सेवा कार्यालय**
**................................ ।**
**सेवा केन्द्र**

**विषयः सिफारिशपत्र पाउँ ।**

मैले । हामीले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७ अनुसार तल उल्लेख भए बमोजिमको फार्म/संस्था/उद्योग स्थापना गर्न लागेको हुदा सिफारिशपत्र पाउन अनुरोध गर्दछु /गर्दछौं ।

स्थापना गर्न लागेको फार्म/संस्था/उद्योग

१. व्यवसायीक रुपमा २० हजार भन्दा कम पंक्षी पाल्ने फार्म ।

निवेदकको :

नामः

सहिक्षापः

ठेगानाः

सिफारिशपत्रको लागी निवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु निम्नानुसार हुनेछ ।

(क) फार्म वा उद्योग/संस्था/कम्पनी/व्यक्तिको नाम र ठेगाना सहितको प्रस्ताब तथा उत्पादन प्रकृया ।
(ख) फार्म वा उद्योग/संस्था/कम्पनी भित्रका उत्तरदायी व्यक्तिहरुको नाम तथा नागरिकता प्रमाणपत्र ।
(ग) संस्था रहेको स्थान र संस्थाको नक्सा (भवन तथा खोरको बनावट) ।
(घ) फार्म वा उद्योग/संस्था/कम्पनीको प्राविधिक सहितको जनशक्ती बिवरण ।
(ङ) अनुसुची १३ बमोजिम दुरी प्रमाणीत हुने कागजात ।
(च) फार्म/उद्योग/संस्था/कम्पनी स्थापना तथा संचालन गर्दा मानव स्वास्थ्य, पशु स्वास्थ्य र वातावरणमा नकारात्मक असर पर्न नदिन गरिएका प्रयासहरुको विवरण ।

# अनुसूची–२

**(निर्देशिकाको दफा ३ को उपदफा (४) संग सम्बन्धित)**

**सिफारिशपत्रको ढाँचा ।**

**नेपाल सरकार**
**कृषि विकास मन्त्रालय**
**पशु सेवा विभाग/जि.प.से.का...........**

**मितिः ........................**

**सिफारिश नं ........**

**विषयः सिफारिशपत्र ।**

**श्री** ........ ........ ....... ...

....... ..... ...... ...... ........ ..... ।

तपाँईको मिति ..... ..... ...... ... को निवेदनमा कारवाही हुँदा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७ अनुसार तपाईलाई तपशिलमा उल्लेख भए अनुसार गर्ने गरी........ ........ ........ ..... .......... फार्म/संस्था/उद्योग स्थापनागर्नको लागी यो सिफारिशपत्र प्रदान गरीएको छ ।

**तपशिल**

फार्म/संस्था/उद्योगले कार्य संचालन गरे पश्चात वार्षिक प्रतिवेदन पेश गर्ने गरी ।

**अधिकृतको दस्तखत**

# अनुसूची–३

**(निर्देशिकाको दफा ३ को उपदफा (६) संग सम्बन्धित)**

**दर्ता अभिलेखिकरण प्रमाणपत्रको लागि दिने निवेदनको ढाँचा ।**

**मितिः ........................**

**श्री जिल्ला पशु सेवा कार्यालय**
............ .........., .................... ।

**विषयः दर्ता अभिलेखिकरण प्रमाणपत्र पाउँ ।**

मैले । हामीले संचालन गर्न लागेको/गरेको........ ....... .......... .......... ........ फार्म/संस्था/उद्योग त्यस कार्यालयमा अभिलेखिकरण गरी दर्ता अभिलेखिकरण प्रमाणपत्र पाउन आबश्यक कागजात संलग्न गरी निवेदन पेश गर्दछु /गर्दछौ ।

दर्ता गर्न चाहेको फार्म/संस्था/उद्योग को:

१. नामः........................
२. ठेगानाः ............................
३. संलग्न कागजातहरुः .........................
   - कम्पनी/उद्योग/संस्था दर्ताको प्रमाण पत्र ।
   - सम्बन्धित व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
   - विभागिय मापदण्ड अनुसार स्थापना भएको भन्ने प्रतिवद्धता पत्र ।
   - कम्पनी/उद्योग/संस्थाको क्षमता घटबढ भएमा सोही अनुसार अभिलेखिकरण गरी प्रमाण-पत्र लिनु पर्ने ।

**निवेदकको :**

**नामः**

**सहिक्षापः**

**ठेगानाः**

# अनुसूची–४

(निर्देशिकाको दफा ३ को उपदफा (६) संग सम्बन्धित)

**दर्ता अभिलेखिकरण प्रमाणपत्र**

**नेपाल सरकार**

**कृषि विकास मन्त्रालय**

**पशु सेवा विभाग**

**जिल्ला पशु सेवा कार्यालय, .................**

**मितिः** ........................

**दर्ता अभिलेखक नं** ...........

**विषयः दर्ता अभिलेखिकरण प्रमाणपत्र ।**

**श्री** ........ ........ ....... ...
....... ..... ...... ...... ........ ..... ।

तपाँईको मिति ..... ..... ...... ... को निवेदनमा कारवाही हुँदा तोकिएको कार्य संचालन गर्ने गरी तपाईको ..... ...... ..... ........ ........ .... ..... ....... फार्म/संस्था/उद्योगको यस कार्यालयमा अभिलेख राखि तपशिल अनुसार गर्ने गरी दर्ता अभिलेखिकरण प्रमाणपत्र प्रदान गरीएको छ ।

**तपशिल**

फार्म/संस्था/उद्योगले कार्य संचालन गरे पश्चात वार्षिक प्रतिवेदन पेश गर्ने ।

नोटः २०० भन्दा कम पंक्षी पाल्नेहरुको हकमा **दर्ता अभिलेखिकरण प्रमाणपत्र आवश्यक नभएतापनि पशु सेवा केन्द/ जि. प. से. का. मा आफ्नो व्यवसायबारे सामान्य जानकारी गराउने ।**

अधिकृतको दस्तखत

(वार्षिक नविकरण गरिने टेबल)

| क्रसं. | आर्थिक वर्ष | नविकरण मिति | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

# अनुसूची–५

**(निर्देशिकाको दफा ३ को उपदफा (७) संग सम्बन्धित)**

## फार्म निरीक्षण फर्मेट

<table>
<tr><td>निवेदन दर्ता नं:</td><td colspan="8">बिभाग वा जि.प.से.का: …………….. ,<br>……………………….., मिति:</td></tr>
<tr><td>फार्मको नाम र ठेगाना</td><td colspan="8"></td></tr>
<tr><td>फार्मिङ्ग प्रणाली</td><td colspan="8">ओपन हाउस, क्लोज हाउस, सेमि इन्टेन्सिभ, इन्टेन्सिभ, अर्गानिक अन्य……….</td></tr>
<tr><td>आयात / निर्यात गर्ने देश / संस्था वा स्वदेशी उत्पादकको नाम र ठेगाना</td><td colspan="8"></td></tr>
<tr><td rowspan="3">खरिद विक्रि गरिने एक दिने चल्लाको विबरण</td><td rowspan="3">ब्रिड</td><td colspan="7">लेयर्स / ब्रोइलर / प्यारेन्ट / ग्राण्ड प्यारेन्ट / अन्य……</td></tr>
<tr><td>पोथि संख्या</td><td colspan="2"></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>भाले संख्या</td><td colspan="2"></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td rowspan="2">यस आ.वर्षको आयात / निर्यात</td><td rowspan="2">ब्रिड</td><td>पोथि संख्या</td><td colspan="2"></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>भाले संख्या</td><td colspan="2"></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td rowspan="2">स्वदेशी उत्पादकबाट भएको खरिद विक्रि</td><td rowspan="2">ब्रिड</td><td>पोथि संख्या</td><td colspan="2"></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>भाले संख्या</td><td colspan="2"></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td rowspan="3">हालको मौजदात</td><td>उमेर हप्ता ……</td><td></td><td></td><td>अण्डा उत्पादन</td><td></td><td></td><td></td><td>अण्डा उत्पादन</td></tr>
<tr><td rowspan="2">ब्रिड …….</td><td>पोथि संख्या</td><td></td><td></td><td rowspan="2">उमेर हप्ता … ब्रिड …….</td><td>पोथि संख्या</td><td></td><td></td></tr>
<tr><td>भाले संख्या</td><td></td><td></td><td>भाले संख्या</td><td></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उमेर हप्ता ……. ब्रिड ……. | पोथि संख्या | | | उमेर हप्ता ……. ब्रिड ……. | पोथि संख्या | | |
| | | भाले संख्या | | | | भाले संख्या | | |
| | उमेर हप्ता…… . ब्रिड ……. | पोथि संख्या | | | उमेर हप्ता… . ब्रिड ……. | पोथि संख्या | | |
| | | भाले संख्या | | | | भाले संख्या | | |
| खोरको प्रकार (सोत्तर, स्ल्याट, केज, कोलोनी केज अन्य प्रणाली) विवरण वर्ग फिट | | | | | ल x चौ xउ | ल xचौx उ | ल xचौ xउ | |
| फार्म रहेको स्थान गा.वि.स. / न. पा.......... | खोर संख्या ...... | | प्रयोगमा भएको | | | | | |
| वडा नं .... स्थान............ | कुल क्षमता ...... | | प्रयोगमा नभएको | | | | | |
| विद्यमान वथानको स्वास्थ्य अवस्था | | | | | | | | |
| जैविक सुरक्षाका प्रावधानहरुको कार्यान्वयन अबस्था | | | | | | | | |
| दैनिक फुल उत्पादन | | | | | | | | |
| साप्ताहिक चल्ला उत्पादन | | | | | | | | |
| दानाको श्रोत तथा दाना ल्याउने माध्यम | | | | | | | | |
| खाली खोर निसंक्रमण तरिका र मिति | | | | | | | | |
| कैफियत | | | | | | | | |

फार्म व्यबस्थापकको अवधारणा :

निरिक्षक वा अनुगमनटोलीको अवधारण :

जि.प.से.का. प्रमुखको अवधारणा;

निरिक्षकको नाम र सहि :

जि.प.से.का. प्रमुखको नाम र सहि:

( फार्म एकै ठाँउमा नभै फरक । फरक स्थान वा जिल्लामा भएमा हरेक स्थान वा जिल्लाको लागी सम्वन्धीत जिल्लामा छुट्टा छुट्टै फर्म भर्नु पर्नेछ )

# अनुसूची–६

(निर्देशिकाको दफा ३ को उपदफा (७) संग सम्बन्धित)

सिफारिशपत्रको लागि दिने निवेदनको ढाँचा ।

**मितिः ........................**

**श्रीमान महानिर्देशकज्यू,**
**पशु सेवा विभाग,**

**विषयः सिफारिशपत्र पाउँ ।**

मैले । हामीले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १८ अनुसार तल उल्लेख भए बमोजिमको प्यारेण्ट वा ग्राण्ड प्यारेण्ट चल्ला आयात/निर्यात/स्वदेशी उत्पादकबाट खरीद तथा विक्रि वितरण गर्नको लागी सिफारिशपत्र पाउन अनुरोध गर्दछु /गर्दछौ ।

सिफारिस माग गरेको चल्लाको बिवरण

१. संस्थाको नाम र ठेगानाः ......................

२. आयात /निर्यात/खरिद गरिने बस्तुको विवरण :

चल्लाको जातः परिमाण : ....... (पोथी : ......, भाले :.........)

आयात/निर्यात गने देश : ....... ..........., आयात /निर्यात/खरिद गरिने संस्थाको नाम र ठेगाना : ............ .....,

आयात/निर्यात/खरिद गरिने मिति : ................. ........

**निवेदकको :**
**नामः**
**सहिक्षापः**
**ठेगानाः**

**निवेदन साथ संलग्न हुनु पर्ने आवश्यक कागजातहरु :**

१. दस्तुर तिरेको रसिद ।
२. उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
३. जि. प. से. का. मा दर्ता अभिलेखिकरण प्रमाण पत्रको प्रतिलिपी ।
४.जि.प.से.का.बाट अनुसूचि ८ बमोजिमको निरिक्षण फर्म सहितको सिफारिस पत्र ।
५. निर्यात गर्ने संस्था बाट प्राप्त इनभ्वाईस ।
६. सम्बन्धित व्यक्तीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

*नोट बुंदा नं २, ३ र ६ को हकमा आर्थिक वर्षको सुरुको पहिलो आयातमा मात्र पेश गरे पुग्नेछ ।*

# अनुसूची–७

( निर्देशिकाको दफा ३ को उपदफा (८) संग सम्बन्धित)

सिफारिस पत्रको ढाँचा ।

नेपाल सरकार

कृषि विकास मन्त्रालय

पशु सेवा विभाग

मितिः ........................

सिफारिश नं.................

**विषयः प्यारेन्ट वा ग्राण्ड प्यारेन्ट चल्ला/ ग्रेट ग्राण्ड प्यारेन्ट वा ग्राण्ड प्यारेन्ट वा प्यारेन्ट ह्याचिङ्ग अण्डा आयात / निर्यात / खरिद / विकी गर्न सिफारिस पत्र ।**

श्री ........ ........ ....... ...

....... ..... ...... ...... ........ ..... ।

तपाँईको मिति ..... ..... ...... ... को निवेदनमा पशु सेवा विभागको आयात निर्यात सिफारिश तथा प्राविधिक समितिको मिति ................................ गतेको निर्णय अनुसार पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १९ अनुसार तपाईको फार्म/संस्था लाई निम्न बमोजिमको सेवा शर्त पालना गर्ने गरी प्यारेण्ट वा ग्राण्ड प्यारेण्ट चल्ला आयात/निर्यात/स्वदेशी उत्पादकबाट खरीद, विक्रि गर्नको लागी यो सिफारिस पत्र प्रदान गरीएको छ ।

सेवा शर्तहरुः

१. प्यारेण्ट वा ग्राण्ड प्यारेण्ट चल्ला**/ ग्रेट ग्राण्ड प्यारेन्ट वा ग्राण्ड प्यारेन्ट वा प्यारेन्ट ह्याचिङ्ग अण्डा** आयात / निर्यात गर्दा पशु सेवा विभागबाट दिइएको यो सिफारिस पत्र र अर्न्तराष्टिय स्वास्थ्य प्रमाण पत्र अनिवार्य रुपमा साथमा हुनु पर्नेछ । स्वदेशी उत्पादनको हकमा यो सिफारिश पत्र र दर्तावाल पशु चिकित्सकले जारी गरेको स्वास्थ्य प्रमाणपत्र अनिवार्य रुपमा साथमा हुनु पर्नेछ ।

२. एक व्यक्ती वा फार्मले एक ठाँउको लागी ल्याएको चल्ला / ह्याचिङ्ग अण्डा अन्य व्यक्ती वा फार्म लाई दिन वा अन्यत्र राख्न पाईने छैन ।

३. हाइली प्याथोजनिक एभियन इन्फुएन्जा संक्रमित देश तथा उक्त रोग बिरुद्ध खोप लगाएको देशबाट चल्ला / ह्याचिङ्ग अण्डा आयात गर्न पाइने छैन ।

४. प्यारेण्ट वा ग्राण्ड प्यारेण्ट चल्ला **/ ग्रेट ग्राण्ड प्यारेन्ट वा ग्राण्ड प्यारेन्ट वा प्यारेन्ट ह्याचिङ्ग अण्डा** आयात / निर्यात गर्दा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट मात्र गर्नु पर्नेछ ।

५. आयात । निर्यात/खरीद गरिने चल्ला / **ग्रेट ग्राण्ड प्यारेन्ट वा ग्राण्ड प्यारेन्ट वा प्यारेन्ट ह्याचिङ्ग अण्डा** को नाम / जात : ................ परिमाणः ........... तथा उत्पादकको नाम र ठेगानासिफारिस गरिए अनुरुप हुनु पर्नेछ ।

६. सिफारिस पत्र विभागले तोकेको अन्तिम मिति भित्र प्रयोग गरी सक्नु पर्नेछ ।

**अधिकृतको दस्तखत**

# अनुसूची–८

**(निर्देशिकाको दफा ४ को उपदफा (१) खण्ड (क) संग सम्बन्धित)**

**अनुमतीपत्रको लागि दिने निवेदनको ढाँचा ।**

**मितिः ........................**

**श्रीमान महानिर्देशकज्यू,**
**पशु सेवा विभाग,**

**विषयः अनुमतीपत्र पाउँ ।**

मैले । हामीले........................फार्मवाट उत्पादित चल्ला /ह्याचिङ्ग अण्डा / विक्रि वितरण गर्न वा ................ फार्मबाट खरिद गरी विक्रि वितरण गर्न अनुमतिपत्र पाउन आबश्यक कागजात संलग्न गरी निवेदन पेश गर्दछु /गर्दछौं ।

विक्रि वितरण गर्न चाहेका उत्पादन (हरु)

१. संस्थाको फार्म वा उद्योगको नाम र ठेगाना ........................
२. बिक्रि वितरण गरिने बस्तुको नाम र वितरण हुने परिमाण ................
३. विक्रि वितरण गरिने स्थान........
४. ह्याचरीले चल्ला वा अण्डा बिक्री गर्ने सम्बन्धी आधिकारिक पत्र

**निवेदकको :**
**नामः**
**सहिक्षापः**
**ठेगानाः**

**निवेदन साथ संलग्न हुनु पर्ने आवश्यक कागजातहरु :**

१. दस्तुर तिरेको रसिद ।
२. कम्पनी उद्योग वाणिज्य दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
३. जि. प. से. का. मा दर्ता अभिलेखिकरण प्रमाण पत्रको प्रतिलिपी ।
४. भेटेरिनरी निरिक्षकको प्रतिवेदन सहित जि. प. से. का. को सिफारिस पत्र ।
५. कर चुक्ता वा अग्रिम कर तिरेको निस्सा प्रमाण को प्रतिलिपी ।
६. सम्बन्धित व्यक्तीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

नोट वुंदा नं २, ३, ५ र ६ को हकमा आर्थिक वर्षको सुरुको पहिलो आयातमा मात्र पेश गरे पुग्नेछ ।

# अनुसूची–९

**(निर्देशिकाको दफा ४ को उपदफा (३) खण्ड (ख) संग सम्बन्धित)**

**अनुमती पत्रको लागि दिने निवेदनको ढाँचा ।**

**मितिः ........................**

**श्री जिल्ला पशु सेवा कार्यालय**

............ .........., .................... ।

**विषयः अनुमतीपत्र पाउँ ।**

मैले । हामीले................फार्मवाट उत्पादीत पंक्षी/अण्डा विक्रि वितरण गर्न अनुमतिपत्र पाउन आबश्यक कागजात संलग्न गरी निवेदन पेश गर्दछु /गर्दछौ ।

विक्रि वितरण गर्न चाहेका उत्पादन (हरु)

१. संस्थाको फार्म वा उद्योगको नाम र ठेगाना ........................
२. बिक्रि वितरण गरिने बस्तुको नामः.........
३. वितरण हुने परिमाणः ................
४. विक्रि वितरण गरिने स्थान........

**निवेदकको :**
**नामः**
**सहिक्षापः**
**ठेगानाः**

**निवेदन साथ संलग्न हुनु पर्ने आवश्यक कागजातहरु :**

१. दस्तुर तिरेको रसिद ।
२. उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
३. जि. प. से. का. मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।
४. फार्म निरिक्षण प्रतिवेदन ।
५. सम्बन्धित व्यक्तीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

***नोट बुंदा नं २, ३ र ५ को हकमा आर्थिक वर्षको सुरुको पहिलो आयातमा मात्र पेश गरे पुग्नेछ ।***

# अनुसूची–१०

(निर्देशिकाको दफा ४ को उपदफा (२) खण्ड (ग) संग सम्बन्धित)

अनुमतीपत्रको ढाँचा ।

**नेपाल सरकार**

**कृषि विकास मन्त्रालय**

**पशु सेवा विभाग**

मितिः ......................

**अनुमति पत्र नं.................**

**विषयः अनुमतीपत्र ।**

**श्री ........ ........ ....... ...**

....... ..... ...... ...... ........ ..... ।

तपाँईको मिति ..... ..... ...... ... को निवेदनमा पशु सेवा विभागको आयात निर्यात सिफारिश तथा प्राविधिक समितिको मिति ................................ गतेको निर्णय अनुसार पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १९ अनुसार तपाईको फार्म/संस्था बाट उत्पादीत कुखुरा/चल्ला/ह्याचिङ्ग अण्डा निम्न बमोजिमको सेवा शर्त पालना गर्ने गरी बिक्री वितरण गर्नको लागी यो अनुमतीपत्र प्रदान गरीएको छ ।

**बिक्रि वितरण गरिने बस्तुको नामः**

**प्रति हप्ता बिक्रि वितरण हुने परिमाणः**

**अनुमति पत्र प्रयोग गर्न सकिने अन्तिम मितिः**

सेवा शर्तहरुः

१. आफ्ना उत्पादनहरु बिक्रि वितरण गर्दा पशु सेवा विभागबाट दिइएको यो अनुमतीपत्र र नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएका पशु चिकित्सकले प्रदान गरेको स्वास्थ्य प्रमाण पत्र अनिवार्य रुपमा साथमा हुनु पर्नेछ ।

२. संक्रमित क्षेत्र घोषणा भएको खण्डमा आफ्ना तोकिएका उत्पादनहरुसंक्रमित क्षेत्र भित्र बिक्रि वितरण गर्न पाइने छैन ।

३. आफ्ना उत्पादनहरु तोकिएका नाकाबाट मात्र ढुवानी गर्नु पर्नेछ ।

४. बिक्रि वितरण गरिने बस्तुको नाम र प्रति हप्ता बिक्रि वितरण हुने परिमाण अनुमती पत्रमा उल्लेख भएअनुरुप हुनु पर्नेछ ।

५. अनुमति पत्र विभागले तोकेको अन्तिम मिति भित्र प्रयोग गरी सक्नु पर्नेछ ।

**अधिकृतको दस्तखत**

**अनुसूची–११**
**(निर्देशिकाको दफा ४ को उपदफा (४) खण्ड (ग) संग सम्बन्धित)**
**अनुमतीपत्रको ढाँचा ।**
**नेपाल सरकार**
**कृषि विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**जिल्ला पशु सेवा कार्यालय...........**

**मितिः .........................**

**अनुमतीपत्र नं :..........................**

**विषयः अनुमतीपत्र ।**

**श्री** ........ ........ ....... ...
....... ..... ...... ...... ........ ..... ।

तपाँईको मिति ..... ..... ...... ... को निवेदन सम्बन्धमा जि.प.से.का.को मिति ................................ गतेको निर्णय अनुसार कारवाही हुँदा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १९ अनुसार तपाईको फार्म/संस्था वाट उत्पादित उत्पादन निम्न बमोजिमको सेवा शर्त पालना गर्ने गरी बिक्री वितरण गर्नको लागी यो अनुमतीपत्र प्रदान गरीएको छ ।

**१. बिकि वितरण गरिने बस्तुको नामः**
**२.प्रति हप्ता बिकि वितरण हुने परिमाणः**
**३. अनुमति पत्र प्रयोग गर्न सकिने अन्तिम मितिः**

***सेवा शर्तहरुः***

१. आफ्ना उत्पादनहरु बिकि वितरण गर्दा यो अनुमतीपत्र र नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएका पशु चिकित्सकले दिइएको स्वास्थ्य प्रमाण पत्र अनिवार्य रुपमा साथमा हुनु पर्नेछ ।
२. संक्रमित क्षेत्र घोषणा भएको खण्डमा आफ्ना तोकिएका उत्पादनहरुसंक्रमित क्षेत्र भित्र बिकि वितरण गर्न पाइने छैन ।
३. आफ्ना उत्पादनहरु तोकिएका नाका बाट मात्र ढुवानी गर्नु पर्नेछ ।
४. बिकि वितरण गरिने बस्तको नाम र प्रति हप्ता बिकि वितरण हुने परिमाण अनुमती पत्रमा उल्लेख भए अनुरुप हुनु पर्नेछ ।
५. अनुमति पत्र जि.प.से.का.ले तोकेको अन्तिम मिति भित्र प्रयोग गरी सक्नु पर्नेछ ।

**अधिकृतको दस्तखत**

# अनुसूची–१२

## (निरिक्षणको दफा ५ को उपदफा (१) संग सम्बन्धित)

## निरिक्षण चेकलिष्ट

व्यवसायिक पंक्षी फार्म / ह्याचरी को नाम :

ठेगाना : मिति :

व्यवस्थापकको नाम तथा ठेगाना :

मोवाइल नं :

पंक्षीको विस्तृत विवरण …………..

जात ………….. स्रोत ……………… उद्धेश्य …………………………

**फार्मको भौतिक अवस्था र व्यवस्थापन**

१. फार्म वा ह्याचरी भवनको मुल सडक/सहायक सडकबाट बाट दुरी……………………मि/किमि

२. फार्म वा ह्याचरीको वारवन्देज भए/नभएको, भएमा केले वनेको तथा कति उचाई सम्म रहेको……………………

३. फार्म वा ह्याचरीमा मेन गेट राखेको/नराखेको

४. फार्ममा प्रवेश गर्ने तथा वाहिर निस्कने छुट्टाछुट्टै गेट भए/नभएको

५. मेन गेटमा साइनवोर्ड तथा अनुमती विना प्रवेश निषेध भन्ने सूचना राखेको/नराखेको

६. मेन गेटमा २४ घण्टा पाले पहरा राखेको/नराखेको गेटमा नियन्त्रित प्रवेशको व्यवस्था भए नभएको :

७. मेन गेटमा फुट वाथ, ह्विल वाथ, भेइकिल वाथ राखेको/नराखेको, राखेको भएमा प्रयोग गर्ने गरिएको/नगरिएको स्पेश स्प्रेको व्यवस्था भए नभएको ।

८. फार्ममा गेट देखी नजिकको खोरको दुरी………………मि

९. फार्म परिसरमा कार्यालय भए/नभएको

१०. फार्मको क्षेत्रफल

फार्म वा ह्याचरीले ओगटेको……………………खुल्ला क्षेत्र……………………… (स्थान र क्षेत्रफल खुल्ने गरी)

फार्ममा रहेको कुल खोर संख्या ……………….

फार्ममा रहेका खोरको क्षेत्रफल (प्रत्येकको छुट्टाछुट्टै) ………., ……………

फार्म/ह्याचरीको क्षमता…………. फार्ममा रहेको पंक्षी संख्या…………………………………

ह्याचर, सेटर क्षमता क्रमस……………, …………. र

उत्पादन प्रतिशत क. प्रति व्याच…………..ख. प्रति हप्ता ……….

फर्टिलिटि, ह्याचेविलिटि ………… , Total egg set ……………, Total fertile ………..

Fertility Max………. Min…….. Hatchability Max……… Min……...

Average Fertility ………… Average Hatchability …………

११. फार्मको पूरा क्षेत्रफल मध्ये प्रयोग भएको् क्षेत्र ………….. नभएको क्षेत्र …………….

१२. खोरको वनावटः कच्चि/पक्कि/………

१३. खोरको झ्याल, ढोकामा उपयुक्त जालीको व्यवस्था भए/नभएको

१४. फार्ममा पानीको व्यवस्था भएको/नभएको, भएमा कसरी व्यवस्था मिलाइएको………..

१४ अण्डाको भण्डारण, candeling, grading आदि गर्ने व्यवस्था भएको/नभएको

१५. अण्डा भण्डारणमा उचित तापक्रम र आद्रताको व्यवस्था भएको/नभएको,

१६. विजुली बत्ति नभएको अवस्थामा बैकल्पीक बिजुलीको व्यवस्था भएको/नभएको

**फार्मको जैविक सुरक्षा अवस्था**

१७. आगन्तुक पुस्तिकाको व्यवस्था भए/नभएको, भएमा प्रयोग गरिएको/नगरिएको

१८. आगन्तुक तथा कामदारहरुका लागि लुगा, जुत्ता फेर्ने स्थानको व्यवस्था भए/नभएको , भएमा फेर्ने लुगा, जुत्ता भए/नभएको, उपलब्ध भएमा प्रयोगमा ल्याइएको/नल्याइएको

१९. फार्ममा गाडी पार्कको व्यवस्था भए/नभएको, भएमा खोरबाट कति दुरीमा रहेको...........मि

२०. फार्ममा एक खोर देखि अर्को खोरको दुरी......................मि

२१. प्रत्येक खोर गेटमा फुट वाथ भएको/नभएको

२२. फार्म भित्र पोखरी/पानी जम्ने ठाउँ/ ढलको व्यवस्था भएको/नभएको

२३. खोर वा फार्म वा ह्याचरी वा सेटरको लागी छुट्टा-छुट्टै कामदारको व्यवस्था भएको/नभएको?

२४. ह्याचरीमा अण्डाको लागी fumigation chamber को व्यवस्था भएको/नभएको

२५. अण्डा संकलन पछि fumigation वा अन्य प्रविधिबाट निसंक्रमण गर्ने गरिएको/नगरिएको, गरिएको भएमा तालिका.........

२६. खोर वा फार्म वा ह्याचरी वरिपरी ठुला रुखहरु भएको/नभएको, भएमा कति दुरीमा रहेको....... मि

२७. फार्म भित्र अन्य घरपालुवा पंक्षी/जनावरहरु रहेको/नरहेको, भएमा नियन्त्रणको विधि अपनाइएको/नअपनाइएको.

२८. खोर वा फार्म वा ह्याचरी भवन र अन्य पोल्ट्री सेवाहरुको (भण्डारण, अफिस, कर्मचारी आवास) दुरी कति छ ....

  क. खोर फार्म देखी अन्य पोल्ट्री व्यवसाय (दाना, फ्रेस हासउ आदी) सेवाहरुको दुरी ...............................

  ख. खोर देखी आवास क्षेत्र वा अन्य पोल्ट्री फार्मको दुरी......................

३०. खोर वा फार्म वा ह्याचरी भवनवाट वाह्य भवनहरु कति मिटर टाढा छ ?

  क. उत्तर................ ख. दक्षिण................ .ग. पूर्व.......... घ.पश्चिम...........

३१. खोर वा फार्म वा ह्याचरी वरिपरी रजिष्टरर्ड प्यारेन्ट फार्म, पोल्ट्री सेड आदि छ/छैन ? छ भने कति मिटर टाढा छ ........

३२. दाना तथा भाँडाकुडाको स्टोर अवस्था ?

  क. कच्चा / पक्कि

  ख. मुसा लगाएत अन्य जिवजन्तुको प्रयोग -आवतजावत) भएको/नभएको

३३. फार्मको किसिम : क. सोत्तर र केज र कोलोनी केज र ब्याट्री प्रणाली तथा अन्य .....................................

३४. खोर वा फार्म वा ह्याचरी वरिपरी कुखुरा चर्ने ठाउँ भएको/नभएको, यदि छ भने त्यहाँ जंगली चराहरुको पहुँच भएको/नभएको

३५.उमेर अनुसार चल्ला वा कुखुरालाई अलग्ग राखिएको / नराखिएको ?

  (Brooding/growing/ laying)

३६. फार्ममा कर्मचारी आवास भएको /नभएको। भएमा खोरबाट आवासको दुरी....... मि

३७. शुली तथा सोत्तर व्यवस्थापन विधि..........

३८. मरेका कुखुरा व्यवस्थापन गर्न खाडल (Disposal pit) भएको/नभएको, भएमा खोर वा ह्याचरीबाट दुरी ........ मि

३९. चल्ला ढुवानी साधन र सरसफाई अवस्था............. प्राविधिक दृष्टिकोणमा ठिक भएको/नभएको

४०.निसंक्रमण भएको/नभएको, भएमा कति दिनमा कुन औषधिको प्रयोग गरि गर्ने गरिएको ............

४१. अण्डाको ट्रे पुरानो प्रयोग भएको /नभएको, भएमा सो को श्रोत ......

४२. दानाको श्रोत तथा ल्याइने सवारी साधन ..................

४३. दानाको वोरा पुरानो प्रयोग भएको/नभएको

४४. फार्मको नियमित अनुगमन भएको नभएको

४५. दाना चल्ला अण्डाको ढुवानी एकै सवारी साधनबाट भएको वा फरकबाट भएको, भएका भए सरसफाइको व्यवस्था .............

**स्वास्थ्य अभिलेखः**

४६. रेकर्ड अभिलेख भए / नभएको

४७. मरेको संख्याः

४८. विरामी संख्याः

४९. खोप तालिकाको रिकर्ड भए / नभएको, भएमा कुन कुन खोप प्रयोग गर्ने गरिएको

५०. औषधी तथा उपचारको रेर्कड भए / नभएको

५१. औषधी, उपचार भएमा कुन कुन रोगको लागि प्रयोग गरिएको.......................

५२. औषधीको असर निश्कासन अवधी (withdrawal period) पालना भए / नभएकोृ ....

५३. दानाको बोरामा दाना पदार्थको पौष्टिक सूची सहितको लेवल भएको/नभएको

फार्म तर्फको प्रतिबद्धता तथा सुझाव :

भेटेरिनरी निरिक्षक / अनुगमनकर्ताको सूझाव :

भेटेरिनरी निरिक्षक को नाम र सहि : फार्म व्यवस्थापकको नाम र सहि :

अनुगमन टोली को नाम र सहि :

१.

२.

३.

मिति :

(यो फर्म दुई प्रति भरि निरिक्षक तथा फार्म व्यवस्थापकले एक एक प्रति बुझिलिनु पर्नेछ )

फार्मको प्रकृति अनुसार लागु नहुने स्थानमा X चिन्ह लगाउने

# अनुसूची: १३

## ( निर्देशिकाको दफा ६ को उपदफा (२) संग सम्बन्धित)

### जैविक सूरक्षा तथा फोहर व्यवस्थापन

(क) फार्म राष्ट्रिय राजमार्गबाट कम्तिमा २०० मिटर टाढा हुनु पर्नेछ ।

(ख) राष्ट्रिय राजमार्ग भन्दा बाहेकको जिल्ला सदरमुकाम जोड्ने सडकको हकमा १०० मिटर टाढा हुनु पर्नेछ । सो वाहेकका अन्य सडकको हकम ५० मिटर टाढा हुनुपर्नेछ ।

(ग) कुखुराको खोर फार्मको मुल ढोका बाट कम्तिमा १० मिटर टाढा हुनु पर्नेछ ।

(घ) फार्म भित्रका खोरहरु बिचको ओपन हाउसको दुरी कम्तिमा १० मिटर र क्लोज हाउसमा ५ मिटर टाढा हुनु पर्नेछ ।

(ङ) खोर देखि अन्य व्यवस्थापन (कार्यालय कोठा, दाना तथा अण्डा भण्डारण कक्ष आदी) इकाईको दुरी कम्तिमा १० मिटर टाढा हुनु पर्नेछ । तर फिडको हकमा साइलो तथा होफर र अटोमेटिक अण्डा संकलनमा यो लागु हुने छैन ।

(च) फार्म मानिस बस्ने घना बस्ती (१५ घर धुरी) बाट कम्तीमा १०० मिटरको दुरीमा हुनु पर्नेछ । ग्राण्ड प्यारेन्ट फार्मबाट अन्य फार्मको दुरी १ कि. मि. हुनु पर्नेछ ।

(छ) एक ह्याचरी देखि अर्को ह्याचरीको दुरी कम्तीमा २०० मिटरको फरकमा हुनु पर्नेछ । २० हजार भन्दा वढी संख्यामा पंक्षी पालन गरिने स्थानको हकमा फार्महरू बीच १०० मिटर दुरी हुनु पर्नेछ । अन्य फार्मको हकमा १० मिटर फरक हुनु पर्नेछ । जग्गाको साँधबाट कम्तिमा ५ मिटर छोडेर मात्र खोर निर्माण गर्नु पर्नेछ ।

(ज) नेपालको अन्तर्राष्ट्रिय सिमाना क्षेत्रमा पंक्षीपालन व्यवसाय गर्दा समेत माथि उल्लेख भए अनुसारको दुरी कायम गर्नुपर्नेछ ।

(झ) मानिस बस्ने घरमा कुखुरा पालन व्यवसाय गर्न पाईने छैन ।

(ञ) फार्म भित्र अन्य जनावर, पंक्षी छिर्न नमिल्ने गरी पर्खाल वा मसिनो जालीले घेरीएको हुनु पर्नेछ र मुख्य ढोकामा अनुमती विना प्रवेष निषेध भनी लेखिएको हुनु पर्नेछ ।

(ट) फार्मको नाम ठेगाना उल्लेख भएको फार्मको वोर्ड राखिएको हुनु पर्नेछ ।

(ठ) फार्म परिसरको मूल प्रवेश द्वार एउटा मात्रै हुनु पर्नेछ र बाहिर निस्कन संम्भव भएमा अर्को ढोका पछाडी राख्ने व्यवस्था गर्नु पर्नेछ । मूल प्रवेश द्वारमा फूट वाथ (Foot bath) तथा ह्वील वाथ (Wheel bath) को व्यवस्था हुनु पर्नेछ । सम्भव भएमा फार्म प्रवेश द्वारमा फोगिंग स्प्रेको व्यवस्था हुनुपर्नेछ । छुट्टा-छुट्टै प्रवेशद्वार तथा निकास द्वारको व्यवस्था नभएको अवस्थामा अनिवार्य रूपमा नुहाउने तथा नि:संक्रमणको व्यवस्था गर्नुपर्नेछ ।

(ड) फार्म भित्र रहेका हरेक खोरको ढोकामा फूट वाथ वा स्पेश स्प्रेको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(ढ) फार्म परिसर भित्र मुसा र किरा नियन्त्रण सम्बन्धि व्यवस्था गरिएको हुनु पर्नेछ । पंक्षीको दाना र अण्डा राख्ने कोठामा जंगली जनावर, चरा तथा अन्य जनावर पस्न नसक्ने हुनु पर्नेछ ।

(ण) खोरको वरीपरी व्यवस्थित ढलको व्यवस्था गरिएको हुनुपर्नेछ । फार्म परिसरमा पोखरी वा पानी जम्ने ठाउं नभएको हुनु पर्नेछ ।

(त) प्रयोग गरेका सोत्तर, पानी तथा खोरबाट निस्कने फोहर व्यवस्थित रुपमा उपचार गरेर मात्र बाहिर पठाउनु पर्नेछ ।

(थ) फार्म भित्र आगन्तुक र कर्मचारीहरुलाई कपडा, जुत्ता वदल्ने कोठा र निःसंक्रमण गर्ने व्यवस्था गरिएको हुनु पर्नेछ ।

(द) फार्म भित्र काम गर्ने कामदारहरुको लागी नजिकै हात धुने ठाउं तथा सफा चर्पीको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(ध) फार्म परिसर भित्र खोरको नजिकमा झाडी नभएको हुनु पर्नेछ ।

(न) चल्ला वा ह्याचिङ्ग अण्डा रोग मुक्त फार्मवाट मात्र ल्याउनु पर्नेछ र चल्ला वा ह्याचिङ्ग अण्डाको स्वस्थ्य प्रमाण पत्र साथमा हुनु पर्नेछ ।

(प) बिरामी पंक्षीलाई वथानबाट छुट्टै राख्ने तथा मरेका पंक्षी, बिक्री अयोग्य चल्ला, लेयर्सको भालेहरूलाई वातावरण तथा मानिसको स्वास्थ्यमा असर नपर्ने र रोग नफैलिने किसिमले खोरबाट तुरुन्त हटाई शवदाह गृह वा जेविक खाडल (Biological pit) मा राखी व्यवस्थित रुपमा तह लगाउनु पर्नेछ ।

(फ) शवदाह गृह वा जेविक खाडल (Biological pit) पंक्षीको खोरबाटकम्तीमा१० मिटर टाढा हुनु पर्नेछ ।

(ब) एउटा खोर भित्र एउटा उमेरको पंक्षीको समूहलाई अर्को उमेर समूह संग मिसाएर राख्न पाईने छैन ।

(भ) एक लट कुखुरा हटाएपछि, कुखुराको सोत्तर/सुली पूर्णरुपले हटाई सफा तथा निःसंक्रमण गरेको दिनदेखि ग्राण्ड प्यारेन्टको हकमा कम्तिमा ८ हप्ता, प्यारेन्टको हकमा कम्तिमा ४ हप्ता, लेयर्सको हकमा कम्तिमा ३ हप्ता तथा ब्रोइलरको हकमा कम्तिमा १ हप्ता पछि मात्र खोरमा अर्को लटको कुखुरा राख्नु पर्नेछ ।

(म) फार्ममा रहेका कामदारको नियमित स्वास्थ्य परीक्षणको ब्यबस्था गरेको हुनु पर्नेछ ।

(य) सम्बन्धित फार्म धनिले रोगको सूचना दिनु पर्नेछ ।

(र) ढुवानी तथा सवारी साधनको फार्मबाट बाहिर निस्कदा तथा भित्र पस्दा अनिवार्य रुपमा निःसंक्रमण गर्नु पर्ने छ। निःसंक्रमण गर्न पूर्व राम्रो संग सरसफाइ गर्न अनिवार्य हुनेछ ।

(ल) चल्ला, दना, अण्डा जस्ता सामग्री एकैसाथ तथा एउटै ढुवानीको साधनमा ढुवानी गर्न पाइने छैन ।

(व) पंक्षी तथा पंक्षीजन्य पदार्थ बजार सम्म ढुवानी गरे पश्चात सो ढुवानीको साधन अनिवार्य रूपमा सरसफाई तथा निःसंक्रमण गर्नुपर्नेछ र सो को लगत (रेकर्ड) राख्नु पर्नेछ ।

(श) फार्मले प्रयोग गर्ने गरेको दानाको उत्पादक, उत्पादन मिति तथा पौष्टिक तत्वको विस्तृत विवरण देखिने गरी अनिवार्य रूपमा अभिलेख राखेको हुनु पर्नेछ ।

(ष) अण्डा राख्ने कागजको ट्रे, वक्सा पुनः प्रयोग गर्न पाइने छैन र सो सम्बन्धमा खरिद गरिएको मिति र स्थान खुल्ने विवरण सहित रेकर्ड राख्नु पर्नेछ ।

(स) प्रयोग भएको अण्डा राख्ने कागजको ट्रे, वक्सा प्रयोग पश्चात डिस्पोज गर्नुपर्नेछ ।

(ह) फार्मबाट निस्कने अण्डाको बोक्रा, मरेका चल्ला, बिक्री अयोग्य चल्ला, खान अयोग्य अण्डा फार्म परिसरमा नष्ट गर्ने स्थानको व्यवस्था गर्नु पर्नेछ ।